# पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
न्यूरोड ,कास्की,

### मसलन्द सामग्रीहरु र छपाई सामग्रीहरु सम्वन्धि शिलवन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७६ ०४ ३ गते

पोखरा महानगरपालिका कार्यालयको लागि आ.व. २०७६।०७७ को मसलन्द सामग्री र छपाई पटकपटक खरिद कार्य गर्नका लागि इजाजत प्राप्त फर्म वा सप्लायर्सहरुबाट निम्न शर्तका अधिनमा रही ३० दिने शिलबन्दी बोलपत्र आव्हानको यो सूचना प्रकाशन गरिएको छ ।

१. बोलपत्र सम्बन्धी कागजातको सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र आ.व.२०७४।२०७५ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी, चालु आ.ब.को लागि नविकरण गरेको इजाजत पत्र, आयकर दर्ता प्र.पत्र एवं मु.अ.कर (भ्याट) दर्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखि निवेदन साथ प्रत्येक प्याकेजको लागि रु ३,००० - (तीन हजार रुपैया) का दरले दस्तुर (फिर्ता नहुने) तिरी यस पोखरा महानगरपालिका कार्यालयबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

२. खरिद भएको बोलपत्र यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२ बजे भित्र यस महानगरपालिकाको कार्यालयमा बोलपत्र सि.नं. १ मा उल्लेखित प्रमाण पत्रहरु संलग्न राखि शिलबन्दी बोलपत्र गरी पेश गर्नु पर्नेछ । साथै बोलपत्र खामको बाहिर कामको नाम, बोलपत्रदाताको फर्मको नाम र ठेगाना स्पष्ट लेख्नु पर्नेछ । दाखिला भएको बोलपत्र सोहि दिन दिनको २.०० बजे बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहबरमा वा निजहरु उपस्थित नभए पनि यस कार्यालयमा खोलिने छ ।

३. बोलपत्र खरिद गर्ने दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

४. बोलपत्र साथ बोलपत्र जमानत यस कार्यालयमा रहेको राष्टिय बाणिज्य बैकको खाता नं ३०२०३०३००७१०६ मा तोकिए बमोजिम रकम जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा बोलपत्र दाखिला गर्ने अन्तिम दिनबाट न्युनतम १२० दिन म्याद राखि (क) वर्गको बाणिज्य बैंकबाट जारी गरिएको बैंक जमानत पत्र (बिडवण्ड) संलग्न हुनु पर्नेछ ।

५. बोलपत्र स्वीकृत भएमा कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) वापत स्वीकृत अंकको ५% पांच प्रतिशत) ले हुने रकम माथि उल्लेखित खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको पक्षमा न्युनतम १ वर्ष अवधि राखि जारी गरिएको बैंक जमानी पत्र संलग्न राखि संझौता गर्नु पर्नेछ ।

६. बोलपत्र फारम भर्दा अंक अक्षर दुबैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दर मान्य हुनेछ । केरमेट भएको ठाउँमा सही छाप गरेको हुनु पर्नेछ ।

७. कुनै आइटममा दररेट उल्लेख गरेको नपाइएमा अन्य आइटमको दररेटमा समावेश भएको मानिनेछ ।

८. रित नपुगेको तथा समयमा प्राप्त नभएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

९. बोलपत्र दाता आफुले कबोल गर्ने अंक मूल्य अभिबृद्धि कर बाहेकको हुनु पर्नेछ । मूल्य अभिबृद्धि करको रकम छुट्टै भुक्तानी हुनेछ

१०. बोलपत्रको मान्य अवधि बोलपत्र खुल्ने मितिले ९० (नब्बे) दिनको हुनेछ ।

११. प्राप्त बोलपत्र आंशिक वा पुर्ण रुपमा स्विकृत गर्ने वा रद्द गर्ने तथा जुनसुकै अवस्थामा पनि खरिद प्रक्रिया रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१२. बोलपत्रदताले कुनै एक वा दुवै ठेक्कामा बोलपत्र पेश गर्न सक्नेछ । दुवै ठेक्कामा बोलपत्र पेश गर्न बोलपत्रदाताले अलग अलग खाममा छुट्टाछुट्टै खामबन्दी गरी पेश गर्नुपर्नेछ ।

१३. सुचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित आर्थिक प्रशासन नियमावली २०६४ र सार्वजनिक खरीद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम हुनेछ ।

१४. यस सम्बन्धमा थप कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

तपसिल

| ठेक्का नं | कामको विवरण | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|
| १ ०७६ ०७७ | मसलन्द सामग्रीहरु | १२००० - | |
| २ २०७६ ०७७ | छपाई सामाग्रीहरु | ८२५०० - | |

प्रमुख प्रशासकीय अधिकृत